# बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**आर्थिक वर्ष २०७९/८० को आयव्ययको सार्वजनिक**

**बजेट वक्तव्य**

बर्दिबास नगरपालिका नगरकार्यपालिकाको कार्यालय महोत्तरी

मधेश प्रदेश नेपाल

२०७९

# बर्दिबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

### आर्थिक वर्ष 2079/80 का लागि नगर उप-प्रमुख श्री तारा देवी महतो ज्यू बाट 10 औ नगरसभाको बैठकमा प्रस्तुत बजेट बक्तव्य ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू,**
**अदरणीय नगरसभाका सदस्यज्यूहरु,**
**एवं उपस्थित सबै कर्मचारीहरु,**
सर्वप्रथम स्थानीय तह निर्वाचन 2069 वाट निर्वाचित भई आउनु भएका सवैजना गगर सभा सदस्यहरु लाई हार्दिक बधाई ज्ञापन गर्दै शान्तिपुर्ण रुपमा निर्वाचन सम्पन्न गराउन सहयोग गर्नु हुने सवै निकाय तथा आम मतदाताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आज हामी आगामी आर्थिक वर्ष 2079/80 को लागि वार्षिक बजेट बनाउन 10 औ नगरसभामा उपस्थित भएका छौ । नव निर्वाचित 10 औ नगरसभा समक्ष आगामी आर्थिक वर्ष 2079/80 को आय व्यय विवरण प्रस्तुत गर्न पाउँदा मलाई गौरव अनुभुत भई रहेको छ । नगरभित्र अभावहरु धेरै छन् आय सिमित छ । सिमित आयमा हाम्रा तत्कालिक आवस्यकताहरु पुरा गर्दै अगाडी वढने हाम्रो अठोट र प्रयास जारी रहने छ ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**
अब म बर्दीवास नगरको समग्र विकास प्रणालीलाइ गतिशिल तुल्याउन आर्थिक वर्ष 2079/80 को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस बर्दिवास नगरपालिकाको आर्थिक वर्ष 2079/80 को आय देहाय बमोजिम हुने अनुमान गरेको छु कुल अनुमानित बजेट रु. 1 अर्ब 19 करोड 10 लाख 70 हजार को रहेको छ ।

***1.संघिय सरकारबाट प्राप्त हुने अनुमाणित आयको विवरण***

- वितिय समानिकरण अनुदान तर्फः रु १८ करोड ६४  लाख (१८६४००००००)
- राजस्व बाँडफाँड तर्फः रु १५ करोड ८६ लाख ७० हजार (१५८६७००००)
- ससर्त अनुदान तर्फः रु ४५ करोड ३९ लाख
- समपुरक अनुदानः रु १ करोड ४० लाख
- विशेष अनुदानः रु १ करोड १० लाख

**यसरि संघिय सरकार वाट कुल जम्मा रु 823970000 (वयासी करोड उन्नचालिस लाख सत्तरी हजार) वार्षिक आय हुने अनुमान गरेको छु**

***2.मधेश प्रदेश सरकारबाट प्राप्त हुने अनुमाणित आयको विवरण***

- वितिय समानिकरण अनुदान तर्फः रु १ करोड २४ लाख
- राजस्व बाँडफाँडः रु १ करोड
- ससर्त अनुदान तर्फः रु १ करोड
- सपुरक अनुदानः रु २० लाख
- विशेष अनुदानः रु ३० लाख

**यसरि मधेश प्रदेश सरकार वाट कुल जम्मा रु 37400000 (तिन करोड चौहत्तर लाख) वार्षिक आय हुने अनुमान गरेको छु**

**3. नगरपालिकाको आन्तरिक आयतर्फः रु १३ करोड ९७ लाख वार्षिक आय हुने अनुमान गरेको छु ।**

**यसरि बर्दिवास नगरपालिकाको संघिय सरकार मधेश प्रदेश सरकार र नगरपालिकाको आन्तरिक आय वाट कुल अनुमानित वजेट रु 1 अर्ब 19 करोड 10 लाख 70 हजार मात्र हुने अनुमान गरेको छु ।**

**चालु आर्थिक वर्ष ०७8/79 वाट वचत भइ अनुमानति मौज्दात रु १९ करोड हुने अनुमान गरेको छु ।**

***माथि उल्लेखित आयका अनुमानहरुको आधारमा आगामी आर्थिक वर्षमा देहाय वमोजिमका शिर्षकहरुमा विनियोजन प्रस्ताव गरेको छु ।***

**1. चालु बजेट तर्फ**

- नगरपालिकाको कार्यालय, वडा कार्यालय, बर्दिबास अस्पताल, स्वास्थ्य चौकी नगर शिक्षक व्यवस्थापन लगायतका लागि कार्य संचालन तथा चालु प्रकृतिको खर्च तर्फः रु १९ करोड ३५ लाख १० हजार बजेट विनियोजन गरिएको छ
- त्यसै गरि कार्यालयको पुँजिगत खर्च तर्फः रु १ करोड १० लाख बजेट विनियोजन गरिएको छ ।

**2. पुजीगत तर्फः**

- नगरका विभिन्न सडकहरु कालोपत्रे ढलान तथा स्तरोन्नती गर्न सडक निर्माण तर्फः रु ११ करोड ११ लाख ९६ हजार प्रस्ताव गरेको छ

***स्वास्थ्य तर्फ***

- बर्दिबास अस्पताल मर्मत सुधार तथा व्यवस्थापनको लागि रु १ करोड विनियोजन गरिएको छ ।
- जनशक्ति व्यवस्थापन तर्फ रु १ करोड विनियोजन गरिएको छ ।
- बर्दिबास अस्पताल तथा स्वास्थ्य चौकीहरुको लागि आवश्यक मेशिनरी औजार तथा उपकरण खरिद गर्न रु ५० लाख तथा फर्निचर एवं फर्निसिङ्गको लागी रु १० लाख विनियोजन गरेको छ
- नेपाल सरकारबाट सरकारी अस्पताल तथा स्वास्थय चौकीमा सुत्केरी गराएवापत प्रदान गरिने यातायात खर्च रु १ हजारमा यस नगरपालिकाबाट पनि शत प्रतिशत रु १हजार थप गरी सुत्केरीलाई यातायात खर्च प्रदान गर्नको लागि रु ७ लाख विनियोजन प्रस्ताव गरेको छ
- आर्थिक रुपले विपन्न वर्गहरुलाई उपचार सहायताको लागि रु १० लाख विनियोजन गरेको छ ।
- विपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य बिमा गर्नका रु. ५ लाख विनियोजन गरिएको छ ।
- नेपाल सरकारले स्वयं सेविकाहरुलाई उपलब्ध गराउँदै आएको मासिक यातायात खर्च रु १ हजारमा नगरपालिकाले पनि शत प्रतिशत थप गरि आफ्नो कार्यप्रति प्रोत्साहित गर्न सम्पूर्ण स्वयंसेविकाहरुलाई यातायात खर्च वापत रु ८लाख ६४ हजार विनियोजन गरीएको छ ।
- नागरिकलाई बिरामी परेको खण्डमा तुरुन्नै सेवा प्रवाह गर्नका लागि यस आर्थिक वर्षमा २ वटा एम्बुलेन्स खरिद गर्न रु २५ लाख विनियोजन गरिएको छ ।
- गर्भवती महिलाहरुलाई बर्दिबास नगरपालिकाको एम्बुलेन्स उपलब्ध नभएको खण्डमा आकस्मिक अवस्थामा अन्य संघ संस्थाको एम्बुलेन्स सेवा प्रयोग गर्नु परेको अवस्थामा एम्बुलेन्स प्रयोग वापतको भाडा खर्च नगरपालिकाबाट भुक्तानी हुने व्यवस्था मिलाउन रु ५ लाख विनियोजन गरिएको छ

यस प्रकार स्वास्थ्य तर्फ एकमुष्ट रु ३ करोड २० लाख ६४ हजार विनियोजन गरिएको छ ।

**शिक्षा तर्फ**

- ४ कोठे विद्यालय भवन निर्माणको लागि र प्रति विद्यालय रु ३६ लाखका दरले रु ७२ लाख विनियोजन गरिएको छ ।
- २ कोठे विद्यालय भवन निर्माणको लागि प्रति विद्यालय रु १८ लाखका दरले रु ७२ लाख विनियोजन गरिएको छ ।
- वास सहितको शौचालय निर्माण गर्न प्रति विद्यालय रु ७ लाखका दरले रु ३५ लाख विनियोजन गरिएको छ ।
- विविध कारणले अधुँरो रहेका विद्यालय भवनहरु निर्माण कार्य पुरा गर्न प्रति विद्यालय रु ५ लाखका दरले रकम रु ५० लाख विनियोजन गरिएको छ ।
- विद्यालयको कम्पाउण्ड वाल निर्माण गर्न प्रति विद्यालय रु ५ लाखका दरले रकम रु २० लाख विनियोजन गरिएको छ ।
- विद्यालयको जिर्ण अवस्थामा रहेका छानाहरु फेर्ने कार्यक्रम अन्तर्गत एकमुष्ठ रकम रु ५९ लाख विनियोजन गरिएको छ ।
- विद्यालयहरुको कक्षा कोठा व्यवस्थापन अन्तर्गत डेक्स बेन्च लगायत अन्य शैक्षिक सामागीहरुको लागि एकमुष्ठ रु ३२ लाख विनियोजन गरिएको छ ।
- समायानुकुल शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नका लागि क्षमता विकास कार्यक्रम तथा अध्ययन अवलोकन भ्रमण अन्तर्गत रकम रु ९ लाख विनियोजन गरिएको छ ।

- विपन्न तथा जेहेन्दार विद्यार्थीको उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति कार्यक्रम अन्तर्गत रकम रु १५ लाख विनियोजन गरिएको छ ।
- विद्यालयको अवस्था हेरी शैक्षिक स्तर वृद्धि गर्न विद्यालय शैक्षिक स्तर वृद्धि अनुदान वापत रकम रु १५ लाख विनियोजन गरिएको छ ।
- बालविकास भवन निर्माण गर्न प्रति विद्यालय रु ८ लाखका दरले रकम रु १६ लाख विनियोजन गरिएको छ ।
- विद्यालय निरन्तर अनुगमन मुल्याङ्कन तथा प्रतिवेदनका लागि रकम रु २ लाख विनियोजन गरिएको छ ।
- खेलकुद मैदान निर्माण विभिन्न विधामा मेयरकप संचालन तथा विभिन्न विद्यालय तथा क्लबहरुलाइ खेलकुद सामाग्री वितरण गर्न एकमुष्ठ रु ४० लाख विनियोजन गरिएको छ ।
- यसप्रकार शिक्षा विकास क्षेत्रको लागि एकमुष्ठ रु ४ करोड तथा युवा खेलकुद विकासका लागि ४० लाख विनियोजन भएको जानकारी गराउन चाहन्छु

**<u>खानेपानी तथा सरसफाइ तर्फ</u>**

- बर्दिबास नगरबासीहरुलाई स्वच्छ सफा र शुद्ध खानेपानी आपुर्ति गर्नका लागि तथा फोहोरमैलाको दिगो व्यवस्थापन गर्न वातावरण मैत्री प्रविधियुक्त फोहोर जलाउने मेसिन जडानको लागि आवश्यक व्यवस्थापन गर्नका लागि रकम रु १ करोड विनियोजन गरिएको छ ।

**<u>सिँचाइ तर्फ</u>**

नगरभरिका खेतियोग्य जमिनहरुमा पर्याप्त सिँचाइको व्यवस्था गरी कृषि उत्पादनलाई बढावा दिन सिँचाइ तथा इनार कुलो डिप बोरिङ्ग निर्माण गर्नका लागि रु १ करोड विनियोजन गरिएको छ ।

**<u>पर्यटन तर्फ</u>**

आन्तरिक पर्यटन पर्वद्धन गर्न नगरपालिकाको पर्यटनको संभावना बोकेको क्षेत्रको खोजी गरि पार्क निर्माण गर्नका लागि रु ४५ लाख विनियोजन गरिएको छ ।

**<u>भवन तथा शहरी विकास तर्फ</u>**

- नगरमा विभिन्न सामुदायिक भवन बसघरा तथा अन्य गुम्बा मठ मन्दिर धर्मशाला प्रतिक्षालय आदी निर्माण गर्नका लागि रकम रु ६५ लाख विनियोजन गरिएको छ ।

**<u>लैगिक समावेशीकरण तथा ससक्तिकरण तर्फ</u>**

- गत आर्थिक वर्ष झै यस वर्ष पनि उपमेयर सँग महिला कार्यक्रमलाइ निरन्तरता दिदै सो कार्यक्रमको नाम परिमार्जन गरी महिला दीदी बहिनीहरुलाइ सिप तथा आयआर्जन मुलक तालिम प्रदान गरी आर्थिक रुपम ससक्तिकरण गराउन उपप्रमुख सँग महिला आय आर्जन तथा सिपमुलक कार्यक्रमको लागि रकम रु ५० लाख विनियोजन गरिएको छ ।

- विदेशबाट फर्किइ स्वदेशमै बसि केहि आय आर्जन मुलक व्यवसाय गर्ने इच्छुक दाजुभाइ तथा बेरोजगार युवाहरुलाई सिपमुलक विभिन्न तालिमहरु संचालन गरी स्वरोजगार बनाउन नगर प्रमुख सँग युवा स्वरोजगार कार्यक्रमको लागि रु ५० लाख विनियोजन गरिएको छ
- विभिन्न दिवसहरु तथा महिला बालबालिका जेष्ठ नागरिक अपाङ्ग दलित मधेशी एवं लक्षित वर्गहरुको ससक्तिकरण लगायतका लोक सेवा कक्षा संचालन लगायत विविध कार्यक्रमहरु संचालन गर्न रु २० लाख विनियोजन गरिएको छ ।
- विभिन्न प्रकारका हिंसा पिडित महिलाहरुलाई हिंसाबाट उद्दार गर्न स्थायी रुपमा व्यवस्थापन नभए सम्मका लागि अस्थायी समयको लागि होल्डिङ्ग सेन्टर प्रयोजनको लागि महिला सेफ हाउस निर्माण गर्न रु १० लाख विनियोजन गरिएको छ ।
- युवाहरुमा बढ्दै गरेको लागु दुर्वसनहरुको रोकथाम नियन्त्रण गर्न लागु औषध नियन्त्रण सचेतना कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरिएको छ ।साथै कुलतमा फसेका व्यक्तिहरुलाइ उद्दार गर्न सुधार गृह निर्माणको लागि १० लाख विनियोजन गरिएको छ ।

**<u>सहकारी तर्फ</u>**

- बर्दिबास नगरपालिका मातहतका सहकारीहरुको नियमन तथा सहकारीमा आबद्ध सदस्यहरुको क्षमता विकास तथा विभिन्न कोपिमिस, ऋण जोखिम व्यवस्थापन सहकारी व्यवस्थापन तालिम  कार्यक्रमहरु संचालन गर्न रु १० लाख विनियोजन गरिएको छ ।

**<u>कृषि / पशुपँक्षीतर्फ</u>**

- कृषकहरुलाई समयमै मल बिउ वितरण गर्न तथा ५० प्रतिशतको साझेदारीमा कृषकहरुलाई विभिन्न कृषि हाते औजार तथा उपकरण लगायत अन्य विभिन्न तरकारी खेती भकारो सुधार माटो परिक्षण लगायतका कार्यक्रमहरु गर्न लागि कृषि क्षेत्रतर्फ रकम रु ७५लाख विनियोजन गरिएको छ ।
- नगरलाई भैसी पालनको स्रोतको रुपमा विकास गर्न,विभिन्न पशु स्वास्थ्य शिविर संचालन गर्न,पशु पंक्षीमा लाग्ने रोगहरुको लागि निशुल्क खोप दिन, पशु विमा कार्यक्रम संचालन गर्न, उन्नत जातका घाँसका बिउ वितरण गर्ने तथा नगरपालिकालाई दुध फुल मासुमा आत्मनिर्भर बनाउन पशु विकास कार्यक्रम तर्फ रु ७५ लाख विनियोजन गरिएको छ ।

**<u>न्यायिक समिति तर्फ</u>**

- न्यायिक समितिको क्षमता अभिवृद्धि तथा मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तथा आवश्यक सामाग्री व्यवस्थापन गर्नका लागी रु १० लाख विनियोजन गरिएको छ ।
- संघ तथा प्रदेश लगायत अन्य संघ संस्था समितिबाट लागत साझेदारि हुने खालको आयोजनाहरुको लागि समपुरक कोषमा रु १ करोड  विनियोजन गरिएको छ ।
- नगरपालिकालाई तिर्नु पर्ने कर तथा राजस्व घरै बसी मोवाइलबाट अनलाइन प्रणाली मार्फत भुक्तानी गर्ने प्रयोजनका लागि नगरपालिकाको राजस्व शाखामा उक्त प्रविधि जडान गर्न गर्न रु ५ लाख विनियोजन गरिएको छ ।साथै राजस्व तथा व्यवसाय दर्ता अभियान एवं बजार अनुगमन गर्नका लागि रु ५ लाख विनियोजन गरिएको छ ।

- नगरपालिका भरिका विभिन्न गतिविधिहरु जनतामाझ सुसुचित गर्ने हेतुले सुचना सम्प्रेषण कार्यक्रम तर्फः १५ लाख विनियोजन गरिएको छ ।
- बर्दिबास नगरपालिकाको नगर गौरवको आयोजनाको रुपमा रहेको मोडेल एग्रो भिलेज निर्माणको लागि जग्गा खरिद तथा अन्य सरकारी जग्गा संरक्षण गर्न रु ३ विनियोजन गरिएको छ ।
- वर्षा याममा अविरल वर्षाका कारण उत्पन्न हुने जोखिम तथा खतरालाइ न्युनिकरण गर्न नदी नियन्त्रण तथा चुरे संरक्षण कार्यक्रममा रु १ करोड ३० लाख विनियोजन गरिएको छ ।
- उज्यालो बर्दिबास कार्यक्रमलाइ निरन्तरता दिन तथा  काठका पोलहरु विस्थापन गरी आवश्यक पोल तार ट्रान्सफर्मर जडान गर्न रु ५० लाख विनियोजन गरिएको  छ ।
- विभिन्न वडाहरुबाट माग भइ आउने स साना प्रकृतिका योजना हरुको लागि रु १ करोड तथा सडक कुलो खानेपानी भवन तथा अन्य मर्मत संभारको लागी रु ५० लाख विनियोजन गरिएको छ ।
- नगरको बजार व्यवस्थापनको को लागि निर्मित डिपिआर अनुसार कार्यक्रम अघि बढाउन रु ५० लाख विनियोजन गरिएको छ ।
- विभिन्न समयमा विशेष गरी वर्षातको समयमा देखा पर्ने सक्ने संभावित विपद संग सामना गर्न नगर स्तरीय विपद् व्यवस्थापन कोषमा रु २० लाख बजेट विनियोजन गरिएको छ ।साथै वडाहरुबाट सिफारिस भइ आएको अवस्थामा तत्काल राहत उद्धार प्रदान गर्ने उद्देश्यले प्रत्येक वडाको २ लाखको दरले वडा स्तरिय विपद् व्यवस्थापन कोष खडा गर्नका लागि रकम रु २८ लाख विनियोजन गरिएको छ ।
  त्यस्तै गरी
- वडाँबाट माग भइ आएका वडा स्तरिय योजनाहरु संचालन गर्न एकमुष्ठ रकम रु. १४ करोड २६ लाख विनियोजन गरिएको छ ।

  संघिय र प्रदेश सरकारबाट प्राप्त ससर्त प्रकृतिका कार्यक्रमहरु तपशिल अनुसार तोकिएकै कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

आदरणीय अध्यक्षज्युहरु

नगर सभा सदस्यज्यहरु

नगरपालिकाका सेवा र कार्यहरु संचालन गर्ने क्रममा आवश्यक पर्ने विभिन्न ऐनहरु, कार्यविधि निर्देशिका लगायतका विद्येयकहरु सभामा पेश भइ छलफल हुने नै हुँदा मैले त्यस विषय उल्लेख गरेको छैन ।  आगामी वर्षको योजना तथा कार्यक्रमहरु निर्माण गर्न जति सजिलो छ कार्यान्वयमा त्यत्तिकै मेहेनत गर्नु पर्ने हुन्छ । यसका लागि सबै क्षेत्रको सहयोग र सक्रियताको समेत अपेक्षा गरेको छु ।नगर सभाबाट पारित भएपछि विस्तृत विवरण सहितको सम्पुर्ण ऐन नियम निति कार्यक्रम  तथा बजेट समेटिएको वार्षिक पुस्तिका प्रकाशन गरिने जानकारी गराउँदछु ।

आगामि आर्थिक वर्षको आय र व्ययको विवरण अनुसुची -1, चालु प्रकृतिका खर्चहरुको विवरण अनुसुची-2, पुजीगत (विकास) खर्चको विवरण अनुसुची -3 र अन्य वडा स्तर तथा नगर स्तर वाट संचालन हुने योजनाहरुको विवरण अनुसुची -4  संलग्न गरि पेश गरेको छु । राश्वका क्षेत्र तथा दरहरु भएको आर्थिक विधेयक 2079 र विनियोजन विधेयक 2079 सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु

अन्तमा प्रस्तुत बजेट तर्जुमाका विभिन्न चरणहरुमा प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एंव सहयोग पुर्याउनु हुने नगरप्रमुख ज्यु कार्यपालिका तथा नगरसभाका सबै सदस्यज्युहरु सबै राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु विषयगत समितिहरु विषयगत शाखा सुरक्षा निकाय एवं सरकारी कार्यालयरु गैर सरकारी संघ संस्थाहरु उद्योगी व्यवसायीहरु नागरिक समाज आम नगरबासी र नगरसभामा खट्नुहुने नगरपालिकाका सम्पुर्ण कर्मचारीहरुप्रति आभार प्रकट गर्दै विदा हुन्छु ।

**धन्यवाद।**

**तारादेवी महतो**
**नगर-उपप्रमुख**